# सूचना ! सूचना !! सूचना !!!

नेपाल प्रहरीमा **जनपद** समूह तर्फ रिक्त **प्रहरी निरीक्षक** पदमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान बमोजिम पदपूर्ति गर्न प्रहरी प्रधान कार्यालयबाट मिति २०७८/०८/१० गते प्रकाशित विज्ञापन अनुसार दरखास्त दिई **विस्तृत स्वास्थ्य परीक्षणमा** उत्तीर्ण हुने उम्मेदवारहरूको **लोक सेवा आयोगद्वारा निम्न तालिका अनुसार लिखित परीक्षा सञ्चालन** हुने व्यहोरा सम्बन्धित सम्पूर्ण उम्मेदवारहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

साथै **लिखित परीक्षाको परीक्षा केन्द्र सम्बन्धी सूचना** लोक सेवा आयोगबाट प्राप्त भए पश्चात नेपाल प्रहरीको वेभसाईट ***www.nepalpolice.gov.np*** मा पछि प्रकाशन गरिने व्यहोरा समेत जानकारीको लागि सूचित गरिन्छ ।

**निम्नः-**

# लोक सेवा आयोग
## सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा
## परीक्षा संचालन शाखा

## प्रहरी निरीक्षक पदको परीक्षा कार्यक्रम निर्धारण गरिएको सम्बन्धी सूचना

| निकायः | श्री नेपाल प्रहरी | विज्ञापन प्रकाशित मितिः | २०७८/०८/१० | लि.प. कार्यक्रम प्रकाशित मितिः | २०७८/१२/१७ |
|---|---|---|---|---|---|

**नेपाल प्रहरी**को पूर्व प्रकाशित विज्ञापन अनुसार प्रहरी निरीक्षक पदको **खुला तथा समावेशी तर्फको प्रतियोगितात्मक लिखित परीक्षा कार्यक्रम** देहाय बमोजिम सञ्चालन हुने गरी निर्धारण गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । कोभिड-१९ संक्रमण भएका उम्मेदवारहरुको लागि अलग परीक्षा केन्द्र रहने हुँदा परीक्षा शुरु हुनभन्दा कम्तीमा ३ (तीन) घण्टा अगावै नेपाल प्रहरीमा अनिवार्य रुपमा जानकारी दिनु पर्नेछ ।

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद, सेवा, समूह/उपसमूह/ तह | परीक्षा मिति र समय | | | | उम्मेदवार संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | | | |
| | | | | सामान्य ज्ञान तथा बौद्धिक परीक्षण | अंग्रेजी तथा नेपाली भाषा | पेशागत सैद्धान्तिक ज्ञान (खण्ड क) | पेशागत व्यवहारिक परीक्षण (खण्ड ख) | | |
| १ | ४२ (०७८/७९) | खुला तथा समावेशी | प्रहरी निरीक्षक | २०७९ जेठ २२ गते दिनको २:०० बजे (५० मिनेट) | २०७९ जेठ २३ गते दिनको २:०० बजे (२ घण्टा ३० मिनेट) | २०७९ जेठ २४ गते दिनको २:०० बजे (२ घण्टा १५ मिनेट) | २०७९ जेठ २४ गते दिनको ४:२५ बजे (४५ मिनेट मिनेट) | - | परीक्षा केन्द्र पछि प्रकाशित गरिनेछ । |

**द्रष्टब्यः**

१. उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम** मात्र प्रयोग गर्नुपर्नेछ ।

२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारवालाई परीक्षामा सम्मिलित नगराइने हुँदा **प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै** परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।

३. परीक्षा भवनमा **झोला, मोबाइल फोन तथा अन्य इलेक्ट्रोनिक्स डिभाइसहरु लैजान निषेध** गरिएको छ ।

४. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि **आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम** स्थगित हुने छैन ।

५. वस्तुगत वहुउत्तर प्रश्नको गलत उत्तरको **२०% अङ्क** कट्टा हुनेछ ।

६. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठुलो अक्षर (Capital Letter) मा **A, B, C, D** लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।

७. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेश पत्र संगै आफ्नो **नागरिकता** वा **नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र** अनिवार्य रुपमा लिई आउनु पर्नेछ ।

८. नेपाल सरकारबाट जारी भएका स्वास्थ्य सुरक्षा सम्बन्धी निर्णयहरु तथा आयोगबाट जारी हुने **संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित)** को पालना गरी परीक्षा सञ्चालन हुनेछ ।

९. कोभिड - १९ संक्रमित उम्मेदवारहरुको लागि विशेष परीक्षा केन्द्रको व्यवस्था गरिने भएकोले त्यस्ता उम्मेदवारहरुले आफू संक्रमित भएको जानकारी नेपाल प्रहरीमा अग्रिम रुपमा गराउनु पर्नेछ ।

| तृतीय पत्रको पेशागत व्यावहारिक परीक्षण सम्बन्धी विषयको परीक्षा देहाय बमोजिम सञ्चालन हुनेछ । | |
|---|---|
| १ | तृतीय पत्र खण्ड (क)पेशागत अभिवृत्ति परीक्षण (२ घण्टा १५ मिनेट) को परीक्षा समाप्ति पश्चात उक्त खण्ड क को उत्तर पुस्तिका बुझाई परीक्षार्थीहरु यथास्थानमै रहनु पर्नेछ । सोही वखतमा खण्ड ख को उत्तरपुस्तिका वितरण हुनेछ, उक्त खण्डको नाम नामेसी विवरण भर्न र सोही उत्तरपुस्तिकाको बाहिर रहेको निर्देशन अध्ययन गर्न १० मिनेटको समय रहनेछ । |
| २ | परीक्षार्थी वा परीक्षा संचालन गर्ने कर्मचारी कसैले प्रश्नपत्र/उत्तरपुस्तिकालाई लैजान, नक्कल गर्न वा फोटो खिच्ने लगायतका कार्य गर्न गराउन पाइने छैन । |
| ३ | पेशागत व्यवहारिक परीक्षण खण्ड अन्तर्गत  प्रहरी निरीक्षक पदको लागि Critical Analysis/Problem solving, Situational Travel Time, Incident Report writing र Simulation or Work sample विषयको परीक्षण गरिने छ । |
| ४ | उत्तर पुस्तिकामा उल्लेख गरिएको स्थानमा बाहेक उम्मेदवारले आफ्नो पहिचान खुलाउने कुनै प्रकारको चिन्ह वा संकेत लेख्न पाउने छैन । उल्लेख गरिएको पाइएमा परीक्षा रद्ध हुनेछ । |
| ५ | परीक्षा समयमा उपलब्ध गराईएको उत्तर पुस्तिका, प्रश्नपत्र, निर्देशन लगायत अन्य सबै सामाग्री अनिवार्य रुपमा फिर्ता बुझाउनु पर्नेछ । |

| कोभिड - १९ संक्रमणको समयमा सुरक्षित रहन परीक्षार्थीले ध्यान दिनुपर्ने थप विषयहरु |
|---|
| १. परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवारले मास्क लगाई आफ्नो प्रयोजनको लागि **स्यानिटाइजर र खानेपानी** समेत लिई आउनु पर्नेछ। |
| २. परीक्षार्थी परीक्षाको लागि तोकिएको समय भन्दा **एक घण्टा अगावै** परीक्षा केन्द्रमा आइपुग्नु पर्नेछ । |
| ३. परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा र शौचालय प्रयोग गर्नु पर्दा भिडभाड नगरिकन **२ (दुई) मिटरको दूरी कायम गरी** क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ । |
| ४. परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन । |
| ७. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्नेछ । |

राजु सत्याल
शाखा अधिकृत

नारायणप्रसाद ज्ञवाली
उपसचिव